स्थानीय सरकार
# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Phone: 082-413077
Email: raptiruralmunicipality@gmail.com
Website: raptimundang.gov.np

प.सं. २०८३/०८४
च.नं.

मिति: २०८३/०४/१८

**श्री सम्बन्धित सरोकारवाला सवै,**

**विषय:सडक तथा सडक पेटीमा राखिएका निर्माण सामग्री हटाउने सम्बन्धी सूचना।**

राप्ती गाउँपालिका क्षेत्रभित्रका मुख्य तथा भित्री सडक तथा सडक पेटी (फुटपाथ) मा केही व्यक्ति, व्यवसायी तथा संस्थाहरूले ईंटा, गिट्टी, बालुवा, ढुङ्गा, सिमेन्ट, काठ, फलामे सामान लगायतका निर्माण सामग्रीहरू जथाभावी थुपारी राखेको भनि यस कार्यालयमा गुनासो प्राप्त भएको छ । यस किसिमका गतिविधिले सडक ओहोरदोहोर, यातायात सञ्चालन तथा मानिसको आवागमनमा प्रत्यक्ष बाधा पुग्नुका साथै सडक दुर्घटना हुने सम्भावना समेत बढेको हुँदा गाउँकार्यपालिकाको मिति २०८३।०३।३१ मा बसेको बैठकको निर्णयानुसार तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छः

**तपसिल**

१.यस सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** आफ्नो जिम्मामा रहेको वा आफूले राखेको निर्माण सामग्री सडक तथा सडक पेटीबाट स्वेच्छाले हटाई सुरक्षित स्थानमा राख्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

२.तोकिएको समयभित्र निर्माण सामग्री नहटाएमा गाउँपालिकाले प्रचलित कानुन तथा नियमानुसार आवश्यक कारबाही (जफत, हटाउने खर्च असुली, जरिवाना सहित) गर्नेछ, जसको जिम्मेवारी सम्बन्धित व्यक्ति/संस्था स्वयं हुनुपर्नेछ।

३.सडक तथा सडक पेटी सर्वसाधारणको साझा सम्पत्ति भएकाले यसको संरक्षण तथा सुरक्षित एवं सहज आवागमनमा सबैको सहयोग रहन अनुरोध गरिन्छ ।

२०८३।४।१८

**(देविराम पाठक)**
**प्रमुख प्रशासकीय अधिकृत**

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत